**07जुलाइ 2024**

**मुख्य समाचार**

- **एनडीए सरकारले आफ्नो तेस्रो कार्यकालमा सुशासन, विकास र आम नागरिकको बुनीयाधी जीवनमा ध्यान केन्द्रित गर्ने**
- **NEET-UG परीक्षामा अनियमितता भएको आरोपमाथि NTA-ले दियो स्पष्टीकरण**
- **उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले रिक्त सरकारी पदहरू भर्न र बाँकी रहेका नियुक्तिहरू यथाशीघ्र पूरा गर्न निर्देशन दिनु भयो**
- **4 जूनको बजार गिरावटमाथि जेपीसी जाँच हुनुपर्ने श्री राहुल गान्धीको माग**

--------------------------------------

**एनडीए सरकारले आफ्नो तेस्रो कार्यकालमा सुशासन, विकास र आम नागरिकको बुनीयाधी जीवनमा ध्यान केन्द्रित गर्ने**

भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आइतबार तेस्रो पटक प्रधानमन्त्रीको सपथ ग्रहण गर्नुहुनेछ। सपथ ग्रहण समारोह साँझ 6 बजे राष्ट्रपति भवनमा हुनेछ । भाजपा नेता श्री प्रह्लाद जोशीले आज एनडीए संसदीय दलको बैठकमा जानकारी दिए अनुसार राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले श्री नरेन्द्र मोदी र नयाँ मन्त्रिपरिषद्लाई सपथ गराउनु हुनेछ। एनडीएका नेताहरूले आज राष्ट्रपतिसँग भेटेर नयाँ सरकार गठन गर्ने दाबी गरेका छन् । यसअघि आज एनडीए संसदीय दलले सर्वसम्मतिले श्री नरेन्द्र मोदीलाई पार्टीको नेता चयन गरेको थियो। नयाँ दिल्लीको पुरानो संसद भवनको सेन्ट्रल हलमा भएको एनडीए संसदीय दलको बैठकमा भाजपा नेता श्री राजनाथ सिंहले श्री मोदीको नाम प्रस्ताव गर्नुभएको थियो,जसलाई गठबन्धनका सबै नेताहरूले समर्थन गरेका थिए। श्री मोदीको नाम प्रस्ताव गर्नु भन्दा अघि श्री राजनाथ सिंहले भन्नुभयो श्री मोदी यस पदका लागि सबैभन्दा योग्य व्यक्ति हो र गठबन्धन बाध्यता नभएर आफ्नो प्रतिबद्धता हो। श्री मोदीलाई समर्थन गर्दै बिहारका मुख्यमन्त्री तथा जनता दल युनाइटेडका अध्यक्ष श्री नितिश कुमारले श्री मोदीको नेतृत्वमा मिलेर काम गर्ने दावी गर्नुभयो।यस अवसरमा श्री मोदीले भन्नुभयो एनडीए सत्ताको लागि एकजुट भएका दलहरूको समूह होइन, तर यो राष्ट्रलाई प्राथमीकता दिने भावनाका साथ काम गर्न प्रतिबद्ध रहेको गठबन्धन हो। श्री मोदीले आज देशका जनताले २२ राज्यमा सरकार बनाएर एनडीएलाई सेवा गर्ने अवसर दिएको बताउनुभयो। श्री मोदीले एनडीए सरकारले सुशासन, विकास र आम नागरिकको बुनीयाधी जीवनमा ध्यान केन्द्रित गर्ने जानकारी दिनुभयो। उहाँ विपक्षी दलले इभिएमलाई दोष दिएर निर्वाचन आयोगलाई कमजोर बनाउने प्रयास गरेको आरोप पनि लगाउनुभयो । उहाले विपक्षी दलले चुनाव अभियानमा जनतालाई भ्रमित गरेको आरोप लगाउनु भयो। कांग्रेसको आलोचना गर्दै श्री मोदीले पार्टीले लोकसभा चुनावमा 100 सिट पनि पार गर्न नसकेको बताउनु भयो। भाजपा अध्यक्ष श्री जेपी नड्डाले लोकसभा चुनावमा एनडीएले लगातार तेस्रो पटक बहुमत प्राप्त गरेकोमा खुसी व्यक्त गर्दै ओडिशा र आन्ध्र प्रदेशमा भाजपाको सफलता सराहनीय रहेको बताउनु भयो। बैठकमा राष्ट्रिय लोकदलका अध्यक्ष जयंत चौधरी, पियुष गोयल र अनुराग सिंह ठाकुरलगायत धेरै केन्द्रीय मन्त्रीहरू उपस्थित थिए।

**NEET-UG परीक्षामा अनियमितता भएको आरोपमाथि NTA-ले दियो स्पष्टीकरण**

NEET-UG मा कट अफ र टपरको संख्यामा वृद्धिले परीक्षाको प्रतिस्पर्धात्मक प्रकृतिलाई प्रतिबिम्बित गर्ने राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले बिहीबार बताएको छ। कटअफ स्कोरहरू प्रत्येक वर्ष परीक्षार्थीहरूको समग्र प्रदर्शनको आधारमा निर्धारण गरिने पनि एजेन्सीले जानकारी गराएको छ।चिकित्सा प्रवेशका लागि गरिने राष्ट्रिय योग्यता-सह-प्रवेश परीक्षा (NEET)-मा अनियमितता र अंकको मूल्यवृद्धि भएको आरोप लागेपछि NTA ले यस्तो स्पष्टीकरण दिएको हो। हरियाणाको एउटै परीक्षा केन्द्रबाट 6 जना सहित सतासी परीक्षार्थीहरूले शीर्ष स्थान हासिल गरेको रिजल्ट आएपछि मेडिकल प्रवेश परीक्षाका धेरै परीक्षार्थीहरूले अंकको मूल्यवृद्धि भएको आरोप लगाएका थिए।

NEET UG 2024 को लागि परीक्षा 5 मईमा 14-वटा विदेशसहित 571 शहरहरूको 4,750 केन्द्रहरूमा सम्पन्न भएको थियो। परीक्षामा 24 लाखभन्दा बढी परीक्षार्थीहरूले भाग लिएका थिए।NCERT-को पाठ्यपुस्तकमा गरिएको परिवर्तन अनि परीक्षा केन्द्रहरूमा समय खेर जानेहरूका लागि दिइएको ग्रेस मार्क्सहरूका कारणले विद्यार्थीहरूले बढी अंक ल्याएको बिहीबार जारी विज्ञप्तिमा NTA-ले बताएको छ। परीक्षाको समय खेर गएको बारे परीक्षार्थीहरूले रिट निवेदन र प्रस्तुतिहरू मार्फत उठाएका गुनासोहरू थाहा पाएपछि 1,563 परीक्षार्थीहरूलाई समयको नोक्सानीका लागि क्षतिपूर्ति दिइएको NTA-ले स्पष्टीकरण दिएको छ। त्यस्ता परीक्षार्थीहरूको संशोधित अंक -20 देखि 720 अंकको बीचमा भिन्न हुनसक्ने र यी मध्ये क्षतिपूर्ति अंकका कारण दुईजना परीक्षार्थीको स्कोर पनि क्रमशः 718 र 719 भएको बताइएको छ।परीक्षा केन्द्रहरूको सीसीटीभी क्यामेरा फुटेजको विश्लेषण गर्दा परीक्षाको निष्ठामा कुनै सम्झौता नभएको पुष्टि भएको पनि NTA-ले दाबी गरेको छ

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

- **उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले रिक्त सरकारी पदहरू भर्न र बाँकी रहेका नियुक्तिहरू यथाशीघ्र पूरा गर्न निर्देशन दिनु भयो**

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले रिक्त सरकारी पदहरू भर्न र बाँकी रहेका नियुक्तिहरू यथाशीघ्र पूरा गर्न निर्देशन दिनु भएको छ। उहाले बारम्बार विद्युत् कटौती रोक्न पनि आग्रह गर्नुभयो। भर्खरै सम्पन्न लोकसभा चुनावमा विपक्षीले बेरोजगारी, सरकारी रिक्त पदहरूमा कर्मचारीको अभाव, पेपर लीक र बारम्बार विद्युत कटौती जस्ता मुद्दाहरू कडा रूपमा उठाएका थिए। हिजो बसेको उच्चस्तरीय बैठकमा मुख्यमन्त्रीले विभागमा भएको रिक्त पदका लागी प्रस्ताव सम्बन्धित छनोट आयोगमा पठाउन अधिकारीहरूलाई निर्देशन दिएको जानकारी प्राप्त भएको छ। श्री योगीले प्रस्ताव पठाउनु अघि नियमहरू राम्ररी जाँच गर्नुपर्ने बताउनुभयो।चर्को गर्मी मौसमलाई मध्यनजर गर्दै बारम्बार विद्युत् कटौती हुने समस्याबारे मुख्यमन्त्रीले राज्य विद्युत् विभागका अधिकारीले ट्रान्सफर्मर मर्मत गरी विद्युत् ट्रिपिङ जस्ता समस्या तत्काल समाधान गर्नुपर्ने आदेश दिनुभयो

**4 जूनको बजार गिरावटमाथि जेपीसी जाँच हुनुपर्ने राहुल गान्धीको माग**

कांग्रेसका वरिष्ठ नेता श्री राहुल गांधीले 4 जूनमा शेयर बाजारमा आएको गिरावट संयुक्त संसदीय समिति अथवा जेपीसीद्वारा जांच गराउनुपर्ने माग गर्नुभएको छ। नयाँ दिल्लीमा कांग्रेस मुख्यालमा आयोजित कार्यक्रम अवधि श्री गांधीले बाजारमा आएको गिरावटका

कारण खुदरा निवेशलाई 30 लाख करोड़ रुपियाँ नोकसान भएको बताउनुभयो। कांग्रेस नेताले प्रश्न खडा गर्दै भन्नुभयो प्रधानमंत्री र गृह मंत्रीले शेयर बाजारमा निवेश गर्ने पांच करोड़ परिवारलाई किन विशेष निवेशगर्ने सल्लाह दिएका थिए।

यसैबीच बीजेपीले श्री राहुल गान्धीले गरेको दाबीको खण्डन गरेको छ। वरिष्ठ बीजेपी नेता श्री पीयूष गोयलले बाजार निवेशकहरूलाई राहुल गान्धीले धोखा दिने प्रयास गरेको बताउनु भएको छ। श्री गोयलले दाबी गर्दै भन्नुभयो चुनाव परिणामको दिन पनि मानिसहरूलाई बजारबाट फाइदा भएको छ। विदेशी निवेशकहरूलाई केही नोकसान भयो तर भारतीय निवेशकहरूलाई फाइदा भयो। उहाँले थप भन्नुभयो 10 वर्ष अघि जब यूपीए सरकार सत्तामा थियो त्यस समय भारतको बाजार पूंजी सढसठ लाख करोड़ रुपियाँ थियो तर अहिले यो पूंजी बढ़ेर 415 लाख करोड़ रुपियाँ भएको छ।
अर्कोतर्फ शेयर बाजारको सूचकांक आज शुरूआती गिरावट पछि सम्हालिएको छ। ब्याज दरमा बदलाव नगर्ने रिजर्व बैंकको फसेलाले आज बजारमा उत्साह देखियो। रिजर्व बैंकले लगातार आठौं पल्ट रेपो रेटमा बदलाव गरेन। यो दर 6 दशमलव पांच प्रतिशतमा यथावत राखिएको छ।

सुरुआति गिरावट पछि आज सेंसेक्स एक हजार 618 अंक यानी दुई दशमलव 16 प्रतिशतको वृद्धिका साथ छयातर हजार 663 अनि निफ्टी 4 सय अढसठ अंक यानी दुई दशमलव 05 प्रतिशतको बढोतरीका साथ 23 हजार दुईसय 90 मा बन्द भएको छ।